# मुख्य नतिजा

१. **जनसंख्या (Population):** राष्ट्रिय जनगणना २०७८ अनुसार (जनगणना सन्दर्भ दिन २०७८ साल मंसिर ९ गते) कोशी प्रदेशको जनसंख्या ४९,६१,४१२ रहेको छ, जसमध्ये पुरूषको संख्या २४,१७,३२८ (४८.७२ प्रतिशत) र महिलाको संख्या २५,४४,०८४ (५१.२८ प्रतिशत) छ। जस अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० जना महिलामा पुरूषको संख्या ९५.०२ रहेको छ। गत २०६८ सालमा कुल जनसंख्या ४५,३४,९४३ र लैङ्गिक अनुपात ९१.४८ थियो ।

२. **अन्य लिङ्गीको जनसंख्या (Other gender population):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालको कुल जनसंख्यामध्ये अन्य लिङ्गी (लैङ्गिक तथा यौनिक अल्पसंख्यक) को जनसंख्या २,९२८ देखिएको छ जुन कुल जनसंख्याको ०.०१ प्रतिशत हुन्छ। कुल अन्य लिङ्गी मध्ये कोशी प्रदेशमा १०.४ प्रतिशत रहेको छ ।

३. **वार्षिक जनसंख्या वृद्धिदर[1] (Average annual population growth rate):** कोशी प्रदेशको जनगणना अवधिको वार्षिक औषत जनसंख्या वृद्धिदर (Average annual population growth rate) ०.८६ प्रतिशत रहेको छ । कोशी प्रदेशमा सबैभन्दा बढी बार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्ला झापा (१.९७ प्रतिशत) र सबैभन्दा कम बार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्ला खोटाङ्ग (-१.५६ प्रतिशत) रहेका छन् ।

४. **जनघनत्व (Population density):** जनगणनाको नतिजा अनुसार कोशी प्रदेशको जनघनत्व (प्रति वर्ग किलोमिटर क्षेत्रफलमा रहेको जनसंख्या) १९२ जना प्रतिवर्ग किलोमिटर रहेको छ, जुन २०६८ सालमा १७५ मात्र थियो । सबैभन्दा धेरै जनघनत्व सुनसरी जिल्लामा (७३७ जना प्रति वर्ग किलोमिटर) र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा (३२ जना प्रति वर्ग किलोमिटर) रहेको छ ।

५. **बृहत उमेर समूह अनुसार जनसंख्या (Population by broad age group):** जनगणना अनुसार कोशी प्रदेशमा कुल जनसंख्याको ६२.८ प्रतिशत जनसंख्या १५ देखि ५९ वर्ष उमेरका रहेका छन् । हाल १४ वर्ष वा

[1] Growth rate - Computed from exponential population growth formula

सो भन्दा कम उमेरका र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्या क्रमशः २६.० प्रतिशत र ११.२ प्रतिशत रहेको छ।

६. **परिवार संख्या (Number of households):** गत २०६८ सालको जनगणना अनुसार कोशी प्रदेशको परिवार संख्या ९,९२,४४५ रहेकोमा हाल उक्त संख्या करिव २०.१ प्रतिशतले बढेर ११,९१,५५६ पुगेको छ। जसमध्ये व्यक्तिगत परिवार ११,९०,७५५ र संस्थागत परिवार ८०१ रहेका छन्।

७. **परिवारको औसत आकार (Average household size):** २०७८ सालमा कोशी प्रदेशमा प्रति परिवार अक्सर बसोबास गर्ने सदस्य औसतमा ४.१६ जना रहेको छ, जुन २०६८ सालमा ४.५७ जना रहेको थियो। कोशी प्रदेशमा परिवारको आकार सुनसरी जिल्लामा सबैभन्दा बढी (४.३६) र इलाम जिल्लामा सबैभन्दा कम (३.९६) रहेको छ।

८. **नगरपालिका तथा गाउँपालिकाको जनसंख्या (Urban/Rural municipality population):** २०७८ सालको जनगणनामा कोशी प्रदेशमा नगरपालिकाहरूको जनसंख्या ६२.४ प्रतिशत रहेको छ भने गाउँपालिकाहरूको जनसंख्या ३७.६ प्रतिशत रहेको छ।

९. **सबैभन्दा धेरै र कम जनसंख्या भएका जिल्ला (Districts with highest and lowest Population):** प्राप्त नतिजाअनुसार कोशी प्रदेशका १४ जिल्लाहरूमध्ये सबैभन्दा बढी जनसंख्या मोरङ्ग जिल्लामा ११,४८,१५६ जना र सबैभन्दा कम जनसंख्या तेह्रथुम जिल्लामा ८८,७३१ जनाको अक्सर बसोवास रहेको छ। झापा र सुनसरी जिल्ला क्रमशः दोस्रो र तेस्रो धेरै जनसंख्या भएका जिल्लाहरू हुन्। कम जनसंख्या भएका जिल्लातर्फ सोलुखुम्बु र ताप्लेजुङ्ग क्रमशः दोस्रो र तेस्रो स्थानमा पर्दछन्।

१०. **मुख्य प्रयोग अनुसार घरको संख्या (Number of building structures by main use):** राष्ट्रिय जनगणना २०७८ मा मुख्य प्रयोग अनुसार देशभरका सम्पुर्ण घरहरूको विवरण संकलन गरिएको छ। घरको धेरैजसो भाग के कामका लागि प्रयोग भएको थियो सोको आधारमा मुख्य प्रयोगलाई विभिन्न १२ (बाह्र) प्रकारमा वर्गिकरण गरिएको छ। जनगणनाको नतिजा अनुसार कोशी प्रदेशमा जम्मा १४,५४,९६५ वटा घर संरचना रहेको छ, जसमध्ये मुख्यरूपमा आवासको लागि प्रयोग भएका घर ७१.९ प्रतिशत, गोठ/धन्सार/मतान ९.७ प्रतिशत, खाली घर ४.५ प्रतिशत, व्यापार २.४ प्रतिशत, शैक्षिक १.२ प्रतिशत, संस्थागत ०.४ प्रतिशत, होटल तथा लज

०.२ प्रतिशत, उद्योग/कलकारखाना ०.४ प्रतिशत, सरकारी ०.३ प्रतिशत, स्वास्थ्यजन्य ०.२ प्रतिशत, बैंक तथा वित्तीय संस्था ०.१ प्रतिशत र अन्य (जस्तैः भान्सा घर) ८.६ प्रतिशत रहेका छन् ।

११. **घर वा आवासीय एकाइको स्वामित्व (Ownership of house/housing unit):** कोशी प्रदेशमा परिवारले आवासीय प्रयोग गरिरहेको घरको स्वामित्वमा कुल ११,९०,७५५ परिवारमध्ये ८९.६ प्रतिशत परिवारहरू आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेका छन् भने ८.७ प्रतिशत परिवारहरू भाडामा लिइएको आवासीय एकाइमा बसिरहेको छन् । गत २०६८ सालको जनगणनामा यो मान क्रमशः ८७.३ प्रतिशत र ९.७ प्रतिशत रहेको थियो । हालको गणनाअनुसार ०.७ प्रतिशत परिवारहरू संस्थागत एकाइमा र १.० प्रतिशत परिवार अन्य प्रकारको स्वामित्वको एकाइमा बसोबास गरेका छन् ।

१२. **खानेपानीको मुख्य स्रोत (Main source of drinking water):** राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार कोशी प्रदेशका कुल ११,९०,७५५ परिवार मध्ये ५४.४ प्रतिशत परिवारले धारा/पाइप (घरपरिसर भित्र र बाहिर समेत) बाट, ४०.० प्रतिशतले ट्युववेल/हाते पम्पबाट, ०.४ प्रतिशतले जार/बोतलबाट, २.२ प्रतिशतले मूल धाराबाट, ०.८ प्रतिशतले ढाकिएको इनार/कुवाबाट पिउने पानी मुख्यरुपमा प्रयोग गर्ने गरेका छन् । खुला इनार/कुवाबाट पानीको प्रयोग गर्ने घरपरिवार १.६ प्रतिशत, नदी/खोलाबाट पिउने पानी प्रयोग गर्ने परिवारहरू ०.२ प्रतिशत रहेका छन् । राष्ट्रिय जनगणना २०६८ मा कोशी प्रदेशका ९,९१,७५० परिवारमध्ये ४४.० प्रतिशत परिवारले धारा/पाइपबाट (घरपरिसर भित्र र बाहिर समेत) र ४४.१ प्रतिशतले ट्युववेल/हाते पम्पको पानी मुख्य स्रोतको रुपमा प्रयोग गर्ने गरेका थिए ।

१३. **खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन (Main source of cooking fuel):** राष्ट्रिय जनगणना २०७८ को नतिजाले कोशी प्रदेशका कुल परिवार मध्ये अधिकांश (५३.४ प्रतिशत) परिवारले खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने गरेका छन् । खाना पकाउन अक्सर एल.पि.ग्याँस, गुँइठा, बायोग्याँस, बिजुली, मट्टितेल र अन्य इन्धन प्रयोग गर्ने परिवारको प्रतिशत क्रमशः ४१.२, ३.४, १.३, ०.५, ०.०४ र ०.२ रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार ६७.० प्रतिशतले खाना पकाउन अक्सर काठ दाउरा प्रयोग गर्ने गरेका थिए ।

१४. **बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत (Main source of lighting):** कोशी प्रदेशमा गत जनगणनामा बिजुली प्रयोग गर्ने परिवार ६५.८ प्रतिशत रहेकोमा हाल ९३.७ प्रतिशत पुगेको छ। बत्ती बाल्नका लागि अक्सर सोलार/सौर्य ऊर्जा, मट्टितेल र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः ५.०, ०.८, र ०.४ प्रतिशत रहेका छन्। २०६८ सालमा बत्ती बाल्नका लागि अक्सर मट्टितेल, सोलार र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः २१.७ र ८.७ र २.९ प्रतिशत रहेको थियो।

१५. **शौचालयको सुविधा (Toilet facility):** राष्ट्रिय जनगणना २०७८ मा कोशी प्रदेशमा गणना गरिएका ११,९०,७५५ व्यक्तिगत परिवारमध्ये ९६.८ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने ३.२ प्रतिशत परिवारहरूसँग अझै पनि शौचालयको पहुँच नभएको पाइएको छ। गत जनगणना २०६८ मा शौचालयको पहुँच नभएका परिवार ३०.३ प्रतिशत थिए।

१६. **परिवारले उपयोग गरेका साधन/सुविधा (Household assets/ amenities):** राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त नतिजा अनुसार कोशी प्रदेशका ३.७ प्रतिशत परिवारहरूमा जनगणनामा सोधिएका कुनै पनि साधन तथा सुविधाहरू उपलव्ध नभएको पाइयो भने ९६.३ प्रतिशत परिवारमा कम्तीमा एक किसिमको साधन/सुविधा उपलब्ध भएको पाइएको छ। कोशी प्रदेशमा स्मार्ट मोवाइल फोन हुने परिवारको प्रतिशत ७४.२ प्रतिशत छ भने त्यसपछि साधारण मोबाइल फोन भएका परिवार ७२.६ प्रतिशत रहेको छ। कुल परिवारमध्ये ५५.९ प्रतिशतमा विद्युतीय पंखा, ५४.६ प्रतिशतमा टेलिभिजन, ४०.८ प्रतिशतमा साईकल, ३८.१ प्रतिशतमा इन्टरनेट सुविधा, ३७.२ प्रतिशतमा रेडियो सुविधा, २५.८ प्रतिशतमा रेफ्रिजेरेटर, २४.८ प्रतिशतमा मोटरसाइकल/स्कुटर, ११.८ प्रतिशतमा कम्प्युटर/ल्यापटप, २.५ प्रतिशतमा वासिङ्ग मेशिन, २.२ प्रतिशतमा कार/जीप/भ्यान, ०.८ प्रतिशतमा एयर कन्डिशनर साधन तथा सुविधा उपलव्ध रहेको छ।

१७. **परिवारमा महिलाको नाममा रहेको घरजग्गा (Female ownership in house & land):** जनगणना २०७८ को नतिजा अनुसार कोशी प्रदेशमा कुल २८.४ प्रतिशत परिवारहरूमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुबै रहेको छ। महिलाको नाममा घर र जग्गा दुवै हुने परिवार १४.३ प्रतिशत रहेको छ जुन २०६८ सालको तुलनामा ०.५ प्रतिशत बिन्दुले बढी हो।

१८. **कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारहरुको विवरण (Number of households operating small scale enterprises other than agriculture):** जनगणनाको नतिजा अनुसार कोशी प्रदेशमा कुनै पनि सरकारी निकायमा दर्ता नगरेका र एक जना पनि तलबी कामदार नराखेका कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार १,१६,४७९ (९.८%) रहेका छन्। यस्ता साना घरेलु व्यवसाय सञ्चालन गर्ने कुल परिवारमध्ये घरेलु उद्योग २८,५४७ (२४.५%), व्यापार/व्यवसाय ५७,२९२ (४९.२%), यातायात ७,४०३ (६.४%), सेवा ११,६५९(१०.०%) र ११,५७८ (९.९%) अन्य किसिमका व्यवसाय सञ्चालन गर्ने परिवार छन्। उल्लेखित साना घरेलु व्यवसाय मध्ये मुख्य रूपमा पुरूषले सञ्चालन गरेका ४६.५ प्रतिशत र महिलाले सञ्चालन गरेका ५३.५ प्रतिशत रहेका छन्।

१९. **परिवारमा अनुपस्थित (विदेश गएका) व्यक्ति (Absentee abroad):** राष्ट्रिय जनगणना २०७८ का अनुसार कोशी प्रदेशमा जम्मा २,६९,८९२ परिवारबाट ३,४३,०३४ जना (२२.७ प्रतिशत) परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोवास गर्छन् जसमध्ये पुरूष २,८६,६३१ (८३.६ प्रतिशत) र महिला ५६,४०३ (१६.४ प्रतिशत) प्रतिशत) रहेका छन्। २०६८ को जनगणना अनुसार २,७४,५१७ (२७.७ प्रतिशत) परिवारबाट ३,५७,६४७ जना व्यक्ति परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेका थिए। जसमध्ये पुरूषको संख्या ८८.८ प्रतिशत र महिलाको संख्या ११.२ प्रतिशत रहेका थिए।

२०. **महिला परिवारमूली (Female household head):** राष्ट्रिय जनगणना २०७८ मा कोशी प्रदेशमा गणना गरिएका कुल ११,९१,५५६ परिवारमध्ये ३०.९ प्रतिशत परिवारमूली महिला रहेका छन् जुन २०६८ को तुलनामा ४.६ प्रतिशत बिन्दुले बढी हो। राष्ट्रियस्तरमा महिला परिवारमूली रहेका परिवार ३१.६ प्रतिशत रहेका छन्।

२१. **वैवाहिक अवस्था (Marital status):** प्राप्त नतिजा अनुसार कोशी प्रदेशमा १० वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्याको ३२.३ प्रतिशत व्यक्तिहरू अविवाहित रहेका छन् जसमा पुरूष ३७.२ प्रतिशत र महिला २७.७ प्रतिशत छन्। त्यस्तै १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरू मध्ये ६२.० प्रतिशत हाल विवाहित अवस्थामा र ४.८ प्रतिशत विधवा/विधुर अवस्थामा छन्। हाल विवाहित पुरूष र महिलाहरू उनीहरूको कुल जनसंख्याको क्रमश: ५९.६ र ६४.२ प्रतिशत रहेका छन्।

२२. **पहिलो विवाह गर्दाको उमेर (Age at first marriage):** राष्ट्रिय जनगणना २०७८ को नतिजाले कोशी प्रदेशका धेरैजसो व्यक्तिहरू ३०.७ प्रतिशत (२५.३ प्रतिशत पुरूष र ३५.१ प्रतिशत महिला) को पहिलो विवाह १८ देखि २० वर्षको उमेरमा भएको देखाएको छ। दोस्रोमा २१ देखि २४ वर्षको उमेरमा पहिलो विवाह हुने व्यक्तिहरू २४.० प्रतिशत (२९.० प्रतिशत पुरूष र १९.९ प्रतिशत महिला) छन्। यसैगरी १०-१४ वर्ष उमेरमा पहिलो विवाह हुनेहरू ५.४ प्रतिशत (२.३ प्रतिशत पुरूष र ७.९ प्रतिशत महिला) रहेका छन्। दश वर्षमूनीको उमेरमा पहिलो विवाह भएका व्यक्तिहरू ०.३ प्रतिशत छन्। समग्रमा कोशी प्रदेशमा पहिलो विवाह गर्दाको औषत उमेर (Median age at first marriage) २० वर्ष रहेको छ, जसमा पुरूषको २२ वर्ष र महिलाको १९ वर्ष रहेको छ।

२३. **अपाङ्गता (Disability):** राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त नतिजाअनुसार कोशी प्रदेशको कुल जनसंख्याको २.४ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। अपाङ्गता भएका व्यक्ति मध्ये पुरूष ५३.९ प्रतिशत र महिला ४६.१ प्रतिशत छन्। राष्ट्रियस्तरमा देशको कुल जनसंख्याको २.२ प्रतिशत व्यक्तिमा कुनै एक वा एक भन्दा बढी प्रकारको अपाङ्गता रहेको छ।

२४. **साक्षरता दर (Literacy rate):** कोशी प्रदेशका ५ वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्यामा साक्षरता दर ७९.७ प्रतिशत रहेको छ। पुरूषको साक्षरता दर ८६.१ प्रतिशत छ भने महिलाको साक्षरता दर ७३.६ प्रतिशत रहेको छ। नेपालको कुल साक्षरता दर ७६.२ प्रतिशत, पुरूषको साक्षरता दर ८३.६ प्रतिशत र महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ।

२५. **उत्तीर्ण गरेको शैक्षिक तह (Education level completed):** राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा कुल साक्षर जनसंख्याको सबै भन्दा बढी अर्थात २८.२ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेका छन्। दोस्रोमा निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गरेका व्यक्तिहरू २०.१ प्रतिशत रहेका छन्। एस.एल.सि. वा सो सरह मात्र उत्तीर्ण गर्ने व्यक्तिहरू कुल साक्षर जनसंख्याको ११.३ प्रतिशत छन्। यसैगरी एस.एल.सि. भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू १६.७ प्रतिशत रहेका छन्।

२६. **जन्मस्थानको आधारमा जनसंख्या (Population by place of birth):** राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा जन्मस्थान र हालको बसोबास एउटै गाउँपालिका वा नगरपालिका भएका व्यक्तिहरू ६७.० प्रतिशत रहेका छन् । सो अवस्था हुने पुरूष ७५.८ प्रतिशत र महिला ५८.६ प्रतिशत रहेका छन् । कुल जनसंख्याको ९.० प्रतिशत व्यक्तिहरूको जन्मस्थान सम्बन्धित जिल्लाको अर्को गाउँपालिका वा नगरपालिका, २१.१ प्रतिशत जनसंख्याको अर्को जिल्ला र २.९ प्रतिशतको जन्मस्थान विदेश रहेको छ ।

२७. **पछिल्लो पटक बसाइँ सरेको स्थानको आधारमा जनसंख्या (Population by former place of residence for current migration):** जनगणना अनुसार कोशी प्रदेशमा हाल अक्सर बसोबास गरिरहेको गाउँपालिका वा नगरपालिकाबाट अर्को स्थानमा कहिल्यै पनि बसोबास नगरेका व्यक्तिहरू ६५.७ प्रतिशत छन्, जसमध्ये पुरूष ७४.० प्रतिशत र महिला ५७.८ प्रतिशत रहेका छन् । कुल जनसंख्याको १०.९ प्रतिशत व्यक्तिहरूको यस अघिको बसोबास सम्बन्धित जिल्लाको अर्को गाउँपालिका वा नगरपालिकामा, १९.८ प्रतिशत जनसंख्याको अर्को जिल्लामा र ३.७ प्रतिशतको यस अघिको बसोबास विदेश रहेको छ ।

२८. **पछिल्लो पटक बसाइँ सरेको अवधिको आधारमा जनसंख्या (Population at the current place of residence by duration of last migration):** जनगणना अनुसार कोशी प्रदेशमा पछिल्लो पटक बसाइँ सरेको अवधिको आधारमा हेर्दा बसाइँ सरेका कुल १७,०१,२६१ जना मध्ये सबैभन्दा बढी ३२.६ प्रतिशत व्यक्तिहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि १०-२४ वर्ष रहेको छ भने सबैभन्दा कम ४.२ प्रतिशत व्यक्तिहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि ५० वर्षभन्दा बढी रहेको छ । पछिल्लो पटक बसाइँ सरेको अवधि १ वर्ष भन्दा कम हुने व्यक्तिहरू ३.१ प्रतिशत रहेका छन् । यसैगरी लैङ्गिक हिसावले सबैभन्दा बढी ३०.१ प्रतिशत पुरूषहरू र ३४.० प्रतिशत महिलाहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि १०-२४ वर्ष रहेको छ ।

२९. **हाल बसाइँ सर्नुको कारण (Reasons for current migration):** जनगणना अनुसार कोशी प्रदेशमा यस अघिको बसोबास गरेको स्थानबाट गणना भएको स्थानमा आउनुको मुख्य कारणमा सबैभन्दा बढी ३५.४

प्रतिशत विवाह रहेको छ। हाल बसोबास गरेको स्थानमा आउनुका अन्य कारणहरू काम/रोजगारी १३.९ प्रतिशत, व्यापार/व्यवसाय २.८ प्रतिशत, अध्ययन/तालिम ५.४ प्रतिशत, आश्रित २१.६ प्रतिशत, प्राकृतिक प्रकोप ०.६ प्रतिशत, कृषि ७.५ प्रतिशत, घर फर्किएको ५.१ प्रतिशत र अन्य ७.४ प्रतिशत रहेका छन्। बसाइँसराइ गरी आएका पुरूषमध्ये सबैभन्दा बढी २६.७ प्रतिशत काम/रोजगारीको कारण र महिलामध्ये ५५.३ प्रतिशत विवाहका कारण रहेका छन्।

३०. **महिलाको प्रजनन् अवस्था (Fertility Status):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार कोशी प्रदेशमा १५-४९ वर्षका विवाहित महिला (१०,३४,६८४ जना) मध्ये ११.५ प्रतिशतले गणनाको समयसम्म कुनै पनि जीवित बच्चा जन्माएका छैनन् भने २ जना जीवित बच्चा जन्माएका महिलाको संख्या सबैभन्दा बढी ३५.४ प्रतिशत रहेको छ। गणनाको समयसम्म १ जना जीवित बच्चा जन्माउने विवाहित महिला २७.१ प्रतिशत रहेका छन् भने ७ वा सो भन्दा बढी जीवित बच्चा जन्माउने महिला ०.६ प्रतिशत रहेको छ। १५-४९ वर्षका कुल १०,३४,६८४ जना विवाहित महिलाले हालसम्म १९,९३,४२० जना बच्चा जन्माएका छन्। जसमध्ये छोरा ५१.९ प्रतिशत र छोरी ४८.१ प्रतिशत रहेको छ। कुल जीवित जन्मेका बच्चाहरूमध्ये २.८ प्रतिशतको मृत्यु भएको थियो। मृत्यु भएका बच्चाहरूमध्ये छोरा ५९.७ प्रतिशत र छोरी ४०.३ प्रतिशत रहेका थिए।

३१. **महिलाको हालको प्रजनन् अवस्था (Current Fertility Status):** राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा गणनाको दिनदेखि १२ महिना अघिको समयमा कुल ६४,१९० जना बच्चाको जन्म भएको थियो जसमध्ये ३३,०५७ जना अर्थात ५१.५ प्रतिशत छोरा र ३१,१३३ अर्थात् ४८.५ प्रतिशत छोरीको जन्म भएको थियो। १ वर्षको अवधिमा जन्मेका बच्चाहरूमध्ये सबैभन्दा धेरै ३३.६ प्रतिशत बच्चाको जन्म २०-२४ बर्षका महिलाबाट भएको थियो।

३२. **बालबालिकाको बसाइँको अवस्था (Status of living arrangement of children):** कोशी प्रदेशमा अठार बर्ष भन्दा कम उमेरका १५,७४,०३९ बालबालिकामध्ये सबैभन्दा बढी ७७.२ प्रतिशत बालबालिकाहरू आमाबाबु दुबैसँग बस्ने गरेका छन्। आमासँग मात्र बस्ने बालबालिका १६.६ प्रतिशत, बाबुसँग मात्र बस्ने बालबालिका १.६ प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका ३.६ प्रतिशत रहेका छन्।

३३. **आर्थिक काम गरेको अवधि (Duration of economic activities performed):** राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा १० वर्ष वा बढी उमेरका ४१,२७,०९४ जना व्यक्तिहरू मध्ये २८,३४,०८८ जनाले गणना भएको १२ महिना अगाडिको समयमा कुनै न कुनै आर्थिक काम गरेका छन् जसमध्ये ४७.४ प्रतिशतले ६ महिना वा सोभन्दा बढी समय काम गरेको, २१.२ प्रतिशतले ६ महिनाभन्दा कम समय काम गरेको र ३१.३ प्रतिशतले कुनै पनि आर्थिक काम गरेका छैनन् ।

३४. **आर्थिक रुपले सक्रिय जनसंख्या (Economically active population):** कोशी प्रदेशमा १० वर्ष वा सोभन्दा बढी उमेरका ४१,२७,०९४ जना व्यक्तिहरू मध्ये २९,३२,२०९ जना (७१.० प्रतिशत) आर्थिक रूपले सक्रिय र ११,९१,५०९ जना (२८.९ प्रतिशत) आर्थिक रूपले निष्क्रिय रहेका छन् जबकी आर्थिक रूपले सक्रिय वा निष्क्रिय अवस्था नखुलेका व्यक्तिहरू ३,३७६ जना रहेका छन् ।

३५. **अक्सर आर्थिकरुपले सक्रिय जनसंख्या (Usually economically active population):** १० वर्ष वा सोभन्दा बढी उमेरका २९,३२,२०९ जना आर्थिक रूपले सक्रिय व्यक्तिहरूमध्ये २१,३४,८९१ जना (७२.८ प्रतिशत) अक्सर आर्थिकरूपले सक्रिय र ७,९७,३१८ जना (२७.२ प्रतिशत) अक्सर आर्थिक रूपले निष्क्रिय रहेका छन् ।

३६. **अक्सर रोजगार जनसंख्या (Usually employed population):** १० वर्ष वा सोभन्दा बढी उमेरका २१,३४,८९१ जना अक्सर आर्थिकरूपले सक्रिय व्यक्तिहरू मध्ये २०,२४,००४ जना (९४.८ प्रतिशत) अक्सर रोजगार र १,१०,८८७ जना (५.२ प्रतिशत) अक्सर बेरोजगार रहेका छन् ।

३७. **आर्थिक कामको पेशागत वर्गीकरण अनुसारको जनसंख्या (Economically active population by main occupation):** जनगणनाको नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय पेशागत वर्गीकरण अनुसार प्रस्तुत गरिएको छ । कोशी प्रदेशमा आर्थिक काम गरेका कुल जनसंख्या २८,३४,०८८ मध्ये ४९.२ प्रतिशत पुरूष र ५०.८ प्रतिशत महिला रहेका छन् । आर्थिक काम गरेका जनसंख्या मध्ये पेशागत रूपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू ५४.५ प्रतिशत रहेका छन् । यसपछि क्रमशः सामान्य वा प्राथमिक पेशाका कामदारहरू २१.० प्रतिशत, सेवा तथा

वस्तु बिक्री गर्ने कामदारहरू ५.३ प्रतिशत, शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू ५.३ प्रतिशत, व्यवस्थापकहरू ४.९ प्रतिशत, पेशाविद् ३.२ प्रतिशत, यन्त्र प्रचालक तथा जडान गर्ने कामदारहरू २.८ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद्हरू १.५ प्रतिशत, कार्यालय सहायकहरू १.० प्रतिशत र सशस्त्र सैनिक अधिकारीहरू ०.४ प्रतिशत रहेका छन् ।

३८. **आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरण अनुसारको जनसंख्या (Economically active population by main industry):** जनगणनाको नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय औद्योगिक क्षेत्र अनुसार वर्गीकरण गरी प्रस्तुत गरिएको छ । कोशी प्रदेशमा आर्थिक काममा संलग्न २८,३४,०८८ मध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ६२.७ प्रतिशत रहेका छन् । यसपछि क्रमशः थोक एवं खुद्रा व्यापारमा ११.१ प्रतिशत, निर्माणमा ७.० प्रतिशत, औद्योगिक उत्पादनमा ४.१ प्रतिशत र अन्य सेवामा २.८ प्रतिशत जनसंख्या संलग्न रहेका छन् ।

३९. **आर्थिक काममा संलग्नताको प्रकार अनुसारको विवरण (Economically active population by employment status):** राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा गणना भएको १२ महिना अगाडिको समयमा आर्थिक काम गरेका व्यक्तिहरू कुल २८,३४,०८८ जना रहेका छन् । जसमध्ये सबैभन्दा बढी आफ्नै काम गर्ने ५६.१ प्रतिशत, अरूको काम गर्ने २७.१ प्रतिशत, परिवारमा सघाउने मात्र १५.५ प्रतिशत, रोजगारदाता १.२ प्रतिशत र उल्लेख नभएको ०.१ प्रतिशत रहेका छन् ।

४०. **आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको विवरण (Economically active population by institutional sector):** राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा गणना भएको १२ महिना अगाडिको समयमा आर्थिक काम गरेका व्यक्तिहरूको आर्थिक कामको संस्थागत क्षेत्र अनुसार सबैभन्दा बढी घरायसी क्षेत्रमा काम गर्ने ६७.८ प्रतिशत, गैर वित्तीय संस्थामा काम गर्ने २७.७ प्रतिशत, सरकारी क्षेत्रमा काम गर्ने ३.४ प्रतिशत, वित्तीय संस्थामा काम गर्ने ०.९ प्रतिशत, नाफा नकमाउने संस्थामा काम गर्ने ०.३ प्रतिशत रहेका छन् ।

४१. **आर्थिक काम नगर्नुको कारण (Reasons for not being economically active):** कोशी प्रदेशमा दश वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरू मध्ये कुनै पनि आम्दानी हुने वा नहुने आर्थिक काम नगरेका व्यक्तिहरू मध्ये सबैभन्दा धेरै ४५.७ प्रतिशतले विद्यार्थी भएका कारणले आर्थिक काम नगरेको देखिन्छ। त्यसपछि अन्य कारणहरूमा क्रमशः घरधन्दा २०.९ प्रतिशत, बृद्ध अवस्था १२.७ प्रतिशत, पारिवारिक हेरचाह ७.२ प्रतिशत, अशक्त/बिरामी ३.९ प्रतिशत, पेन्सन/आयस्ता १.९ प्रतिशत, सामाजिक कार्य/स्वयंसेवा ०.३ प्रतिशत र अन्यमा ७.३ प्रतिशत रहेको छ।

४२. **बालबालिकाको जन्मदर्ता सम्बन्धी अवस्था (Birth registration status of children):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार कोशी प्रदेशमा ५ वर्ष वा सो भन्दा कम उमेरका कुल ४,७२,६२५ जना बालबालिका मध्ये ७०.८ प्रतिशतको जन्मदर्ता गरेको देखिन्छ भने २९.२ प्रतिशतको जन्मदर्ता नगरेको देखिन्छ। जन्म दर्ता गरेको संख्यामध्ये बालकको संख्या बालिकाको संख्याभन्दा ०.९ प्रतिशत बिन्दुले बढी रहेको छ।

**तालिका १: विशेष उमेर समूहअनुसार जनसंख्याको संरचना**

| उमेर समूह | नेपाल | | कोशी प्रदेश | |
|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| १ वर्ष भन्दा कम | ४११९५९ | १.४१ | ६४१५४ | १.२९ |
| ०-५ वर्ष | २४३९२८३ | ८.३६ | ३८२९७२ | ७.७२ |
| ०-१४ वर्ष | ८११५५७५ | २७.८३ | १२८९३७६ | २५.९९ |
| ०-१८ वर्ष | १०५७७९६९ | ३६.२७ | १६८३५६६ | ३३.९३ |
| १६-२४ वर्ष | ५१४२३३६ | १७.६३ | ८३६१८९ | १६.८५ |
| १६-४० वर्ष | १२४१२१७३ | ४२.५६ | २०६७४४७ | ४१.६७ |
| १६ वर्ष वा सो भन्दा माथि | २०४४१८७५ | ७०.०९ | ३५७५१११ | ७२.०६ |
| १५-५९ वर्ष | १८०७१६८५ | ६१.९६ | ३११५५७२ | ६२.८० |
| १५-४९ वर्षका महिला (कुल महिला मध्ये) | ८२३२१८१ | ५५.२१ | १३९३४८८ | ५४.७७ |
| ६० वर्ष वा सो भन्दा माथि | २९७७३१८ | १०.२१ | ५५६४६४ | ११.२२ |
| ६८ वर्ष वा सो भन्दा माथि | १५२४७६३ | ५.२३ | २८२०८६ | ५.६९ |

## तालिका २: भौगोलिक क्षेत्र अनुसार परिवार संख्या र जनसंख्या, २०७८

| क्षेत्र | जम्मा परिवार संख्या | जनसंख्या | | | परिवारको औसत आकार | लैङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको संख्या) | जन-घनत्व | जनसंख्या २०६८ |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| नेपाल | ६६६६९३७ | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ | ४.३७ | ९५.५९ | १९८ | २६४९४५०४ |
| प्रदेश | | | | | | | | |
| कोशी | ११९१५५६ | ४९६१४१२ | २४१७३२८ | २५४४०८४ | ४.१६ | ९५.०२ | १९२ | ४५३४९४३ |
| जिल्ला | | | | | | | | |
| ताप्लेजुङ | २७७९८ | १२०५९० | ६०७७३ | ५९८१७ | ४.३४ | १०१.६० | ३३ | १२७४६१ |
| संखुवासभा | ३९१७३ | १५८०४१ | ७९५७९ | ७८४६२ | ४.०३ | १०१.४२ | ४५ | १५८७४२ |
| सोलुखुम्बु | २६३१९ | १०४८५१ | ५२७४७ | ५२१०४ | ३.९८ | १०१.२३ | ३२ | १०५८८६ |
| ओखलढुङ्गा | ३४२९४ | १३९५५२ | ६८०८० | ७१४७२ | ४.०७ | ९५.२५ | १३० | १४७९८४ |
| खोटाङ | ४१७५० | १७५२९८ | ८६६३७ | ८८६६१ | ४.२० | ९७.७२ | ११० | २०६३१२ |
| भोजपुर | ३८६३१ | १५७९२३ | ७८२११ | ७९७१२ | ४.०९ | ९८.१२ | १०५ | १८२४५९ |
| धनकुटा | ३७६४८ | १५०५९९ | ७३८२४ | ७६७७५ | ४.०० | ९६.१६ | १६९ | १६३४१२ |
| तेह्रथुम | २१८५७ | ८८७३१ | ४३५८१ | ४५१५० | ४.०६ | ९६.५२ | १३१ | १०१५७७ |
| पाँचथर | ४२४९५ | १७२४०० | ८५६८३ | ८६७१७ | ४.०६ | ९८.८१ | १३९ | १९१८१७ |
| ईलाम | ७०५३२ | २७९५३४ | १३९४३१ | १४०१०३ | ३.९६ | ९९.५२ | १६४ | २९०२५४ |
| झापा | २४५१४२ | ९९८०५४ | ४७८५०९ | ५१९५४५ | ४.०७ | ९२.१० | ६२१ | ८१२६५० |
| मोरङ | २७२२८३ | ११४८१५६ | ५५७५१२ | ५९०६४४ | ४.२२ | ९४.३९ | ६१९ | ९६५३७० |
| सुनसरी | २१२५४५ | ९२६९६२ | ४४९०२३ | ४७७९३९ | ४.३६ | ९३.९५ | ७३७ | ७६३४८७ |
| उदयपुर | ८१०८९ | ३४०७२१ | १६३७३८ | १७६९८३ | ४.२० | ९२.५२ | १६५ | ३१७५३२ |

| वार्षिक जन-संख्या वृद्धिदर (%) | अनुपस्थित (अक्सर विदेशमा बस्ने) जनसंख्या | | | | | अपाङ्गता भएको जनसंख्या | | | ५ वर्ष वा सो भन्दा बढी उमेरका साक्षर जनसंख्या (%) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या* | जम्मा जनसंख्या | पुरुष | महिला | प्रतिशत** | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| ०.९२ | १५५५९६१ | २१९०५९२ | १७९९६७५ | ३९०९१७ | १०० | ६४७७४४ | ३५१३०१ | २९६४४३ | ७६.२५ | ८३.५५ | ६९.३७ |
| | | | | | | | | | | | |
| ०.८६ | २६९८९२ | ३४३०३४ | २८६६३१ | ५६४०३ | १५.६६ | ११७२१९ | ६३२०८ | ५४०११ | ७९.६८ | ८६.१२ | ७३.६३ |
| | | | | | | | | | | | |
| -०.५३ | ४८४७ | ६२३७ | ५३७४ | ८६३ | ०.२८ | २९९९ | १६०९ | १३९० | ८२.२१ | ८८.१८ | ७६.१६ |
| -०.०४ | ६३६९ | ७९०४ | ६८५८ | १०४६ | ०.३६ | ५२४२ | २८०३ | २४३९ | ७९.७० | ८६.४० | ७२.९४ |
| -०.०९ | ३७४० | ४९४८ | ३५९३ | १३५५ | ०.२३ | ३२८० | १७५४ | १५२६ | ७६.९५ | ८४.३१ | ६९.५२ |
| -०.५६ | ५४५३ | ७४४९ | ६२५८ | ११९१ | ०.३४ | ४२६० | २२९८ | १९६२ | ७३.८९ | ८१.६० | ६६.६० |
| -१.५६ | ८८५५ | ११२०७ | १००९० | १११७ | ०.५१ | ४९२५ | २७३३ | २१९२ | ७५.९९ | ८३.६४ | ६८.५६ |
| -१.३९ | ७२१६ | ९१०९ | ८०६५ | १०४४ | ०.४२ | ५४९० | ३०२३ | २४६७ | ७८.८७ | ८६.०९ | ७१.८४ |
| -०.७८ | ७९७९ | ९५९२ | ८४६१ | ११३१ | ०.४४ | ५१९७ | २८६० | २३३७ | ८१.३६ | ८८.१८ | ७४.८५ |
| -१.३० | ४६८० | ५७७२ | ५२२१ | ५५१ | ०.२६ | २५४५ | १३८९ | ११५६ | ८१.९४ | ८९.२५ | ७४.९६ |
| -१.०२ | ९४५५ | ११७०१ | १०३२६ | १३७५ | ०.५३ | ४५८७ | २४९३ | २०९४ | ८२.२९ | ८८.६८ | ७६.०० |
| -०.३६ | १४७९५ | १८८४५ | १४९४९ | ३८९६ | ०.८६ | ६७५९ | ३६८९ | ३०७० | ८३.३७ | ८८.६६ | ७८.१३ |
| १.९७ | ६९८२४ | ९१३१४ | ७३०२५ | १८२८९ | ४.१७ | २३९२६ | १२७४० | १११८६ | ८२.८३ | ८८.५७ | ७७.६२ |
| १.६६ | ६०७५७ | ७५८६८ | ६३८४७ | १२०२१ | ३.४६ | २२१२८ | ११९९६ | १०१३२ | ७८.६१ | ८५.१० | ७२.५६ |
| १.८६ | ४८४१२ | ६२०७१ | ५२०४९ | १००२२ | २.८३ | १६६६३ | ८८९२ | ७७७१ | ७८.१० | ८४.६२ | ७२.०६ |
| ०.६८ | १७५१० | २१०१७ | १८५१५ | २५०२ | ०.९६ | ९२१८ | ४९२९ | ४२८९ | ७७.१७ | ८४.०७ | ७०.८७ |

*कम्तिमा एक जना विदेशमा बसोबास गर्ने परिवार

**अक्सर विदेशमा बस्ने कुल जनसंख्या मध्ये प्रदेश तथा जिल्लाको %

## तालिका ३: स्थानीय तह अनुसार परिवार संख्या र जनसंख्या विवरण

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
| | | | | | | | | | | | जम्मा | पुरुष | महिला |
| ताप्लेजुङ | | | | | | | | | | | | | |
| आठराई त्रिवेणी गाउँपालिका | २८८८ | १३७८४ | २८५४ | १२२९६ | ६०६६ | ६२३० | ४.३१ | ९७.३७ | -१.१० | १३८ | ८१.१८ | ८८.१७ | ७४.४३ |
| मैवाखोला गाउँपालिका | २१९४ | ११०३७ | २२४९ | १०२१३ | ५१५३ | ५०६० | ४.५४ | १०१.८४ | -०.७४ | ७४ | ७९.८७ | ८५.४१ | ७४.१८ |
| मेरिङदेन गाउँपालिका | २५७८ | १२५४८ | २६६२ | ११८३८ | ५८५९ | ५९७९ | ४.४५ | ९७.९९ | -०.५६ | ५६ | ७९.४० | ८६.०६ | ७२.८९ |
| मिक्वाखोला गाउँपालिका | १८६९ | ९१६० | १८४५ | ७९६४ | ३९५४ | ४०१० | ४.३२ | ९८.६० | -१.३४ | १८ | ७७.६८ | ८३.०९ | ७२.४१ |
| फक्ताङलुङ गाउँपालिका | २५२५ | १२०१७ | २८३२ | ११७९१ | ६०८८ | ५७०३ | ४.१६ | १०६.७५ | -०.१८ | ६ | ७८.६७ | ८४.६९ | ७२.३१ |
| फुङलिङ नगरपालिका | ५९८६ | २६४०६ | ६८९८ | २८४४९ | १३९८१ | १४४६८ | ४.१२ | ९६.६३ | ०.७२ | २२७ | ८६.५२ | ९१.७३ | ८१.५४ |
| सिदिङ्वा गाउँपालिका | २३७० | १२०९९ | २४७६ | १०९७९ | ५५३१ | ५४४८ | ४.४३ | १०१.५२ | -०.९३ | ५३ | ८०.४४ | ८६.०४ | ७४.७१ |
| सिरीजङ्घा गाउँपालिका | ३२२७ | १५८०६ | ३२५५ | १४११४ | ७१७५ | ६९३९ | ४.३४ | १०३.४० | -१.०९ | २९ | ८३.४९ | ९०.०८ | ७६.६७ |
| पाथीभरा याङवरक गाउँपालिका | २८३४ | १३५९१ | २७०५ | ११८०६ | ५८५८ | ५९४८ | ४.३६ | ९८.४९ | -१.३५ | १२६ | ८२.८१ | ८९.१६ | ७६.५६ |
| संस्थागत | ३८ | १०१३ | २२ | ११४० | ११०८ | ३२ | | | | | ९६.८३ | ९६.७५ | १०० |
| जम्मा | २६५०९ | १२७४६१ | २७७९८ | १२०५९० | ६०७७३ | ५९८१७ | ४.३४ | १०१.६० | -०.५३ | ३३ | ८२.२१ | ८८.१८ | ७६.१६ |
| संखुवासभा | | | | | | | | | | | | | |
| भोटखोला गाउँपालिका | १३७९ | ६५७६ | १६८४ | ६४३८ | ३२०० | ३२३८ | ३.८२ | ९८.८३ | -०.२० | १० | ६१.०९ | ६८.४७ | ५३.८२ |
| चैनपुर नगरपालिका | ५९३८ | २७३०८ | ६६४८ | २६७९९ | १३१२५ | १३६७४ | ४.०३ | ९५.९९ | -०.१८ | १२० | ७९.५१ | ८६.१० | ७३.२७ |
| चिचिला गाउँपालिका | १५१८ | ७०६५ | १६६४ | ६५७७ | ३२६२ | ३३१५ | ३.९५ | ९८.४० | -०.६९ | ७४ | ८०.४२ | ८६.३३ | ७४.५९ |
| धर्मदेवी नगरपालिका | ३९५८ | १८२३५ | ४०५९ | १६०५३ | ७८२५ | ८२२८ | ३.९५ | ९५.१० | -१.२२ | १२१ | ७९.०९ | ८६.५७ | ७२.०४ |
| खाँदवारी नगरपालिका | ७४४६ | ३११७७ | ९३०९ | ३५५६५ | १७३५६ | १८२०९ | ३.८२ | ९५.३२ | १.२६ | २९० | ८३.६० | ८९.७९ | ७७.७८ |
| मादी नगरपालिका | ३२१६ | १४४७० | ३२८१ | १३२७३ | ६४८८ | ६७८५ | ४.०५ | ९५.६२ | -०.८३ | १२१ | ७९.१९ | ८६.३९ | ७२.३९ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| मकालु गाउँपालिका | २९२२ | १३५७२ | ३४७६ | १३४२४ | ६९०४ | ६५२० | ३.८६ | १०५.८९ | -०.११ | २६ | ७५.४९ | ८२.६० | ६७.९३ |
| पाँचखपन नगरपालिका | ३६३४ | १७५२१ | ४००० | १६३४८ | ८०२९ | ८३१९ | ४.०९ | ९६.५१ | -०.६७ | ११० | ७८.४२ | ८५.०१ | ७२.१४ |
| सभापोखरी गाउँपालिका | २१९२ | १०४९२ | २५०७ | ९९७० | ४९७८ | ४९९२ | ३.९८ | ९९.७२ | -०.४९ | ४५ | ७९.४१ | ८५.१३ | ७३.७० |
| सिलीचोङ गाउँपालिका | २४१२ | ११८०६ | २४९० | १०२९६ | ५२११ | ५०८५ | ४.१३ | १०२.४८ | -१.३१ | ३५ | ८०.८७ | ८७.०७ | ७४.५७ |
| संस्थागत | ९ | ५२० | ५५ | ३२९८ | ३२०१ | ९७ | | | | | ९७.८१ | ९८.३४ | ८०.२१ |
| जम्मा | ३४६२४ | १५८७४२ | ३९१७३ | १५८०४१ | ७९५७९ | ७८४६२ | ४.०३ | १०१.४२ | -०.०४ | ४५ | ७९.७० | ८६.४० | ७२.९४ |
| सोलुखुम्बु | | | | | | | | | | | | | |
| थुलुङ दुधकोशी गाउँपालिका | ४२४० | १९६७२ | ४६२४ | १८३५४ | ९१५८ | ९१९६ | ३.९७ | ९९.५९ | -०.६७ | १२७ | ७३.२१ | ८०.६३ | ६५.८६ |
| माप्य दुधकोशी गाउँपालिका | २८०३ | १३४१४ | ३१४० | १२६४८ | ६३७५ | ६२७३ | ४.०३ | १०१.६३ | -०.५६ | ७५ | ७५.०३ | ८१.४२ | ६८.६० |
| खुम्बु पासाङल्हामु गाउँपालिका | २४३३ | ८९८९ | २४८९ | ८७२० | ४३९१ | ४३२९ | ३.५० | १०१.४३ | -०.२९ | ६ | ७४.९३ | ८३.६३ | ६६.१७ |
| लिखु पिके गाउँपालिका | ११६८ | ५५३४ | १२५१ | ५३३४ | २६७३ | २६६१ | ४.२६ | १००.४५ | -०.३५ | ४३ | ७३.६२ | ८०.९६ | ६६.२६ |
| महाकुलुङ गाउँपालिका | २४५० | ११४५२ | २९१२ | ११८४७ | ५८७० | ५९७७ | ४.०७ | ९८.२१ | ०.३३ | १८ | ७९.१४ | ८५.१४ | ७३.२६ |
| नेचासल्यान गाउँपालिका | ३६३६ | १६१२९ | २७८३ | ११३८१ | ५५९७ | ५७८४ | ४.०९ | ९६.७७ | -३.३५ | १६९ | ७८.४९ | ८६.६२ | ७०.७५ |
| सोलुदुधकुण्ड नगरपालिका | ४९८० | २०३९९ | ६७४४ | २५६७८ | १२६७२ | १३००६ | ३.८१ | ९७.४३ | २.२१ | ४५ | ७८.५१ | ८६.७३ | ७०.५६ |
| सोताङ गाउँपालिका | २०४८ | ९५३० | २२९६ | ९०२५ | ४५४४ | ४४८१ | ३.९३ | १०१.४१ | -०.५२ | ८८ | ७७.६१ | ८३.३३ | ७१.८२ |
| संस्थागत | २७ | ७६७ | ८० | १८६४ | १४६७ | ३९७ | | | | | ९६.११ | ९६.९२ | ९३.०९ |
| जम्मा | २३७८५ | १०५८८६ | २६३१९ | १०४८५१ | ५२७४७ | ५२१०४ | ३.९८ | १०१.२३ | -०.०९ | ३२ | ७६.९५ | ८४.३१ | ६९.५२ |
| ओखलढुङ्गा | | | | | | | | | | | | | |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| चम्पादेवी गाउँपालिका | ३७९६ | १८६१३ | ४०३४ | १६३११ | ७८५८ | ८४५३ | ४.०४ | ९२.९६ | -१.२७ | १२९ | ६८.२७ | ७७.०३ | ६०.२५ |
| चिशंखुगढी गाउँपालिका | ३३३४ | १५१९६ | ३३०५ | १३८४४ | ६७८४ | ७०६० | ४.१९ | ९६.०९ | -०.८९ | १०९ | ७४.७८ | ८१.९८ | ६७.८९ |
| खिजीदेम्वा गाउँपालिका | ३१११ | १५१०६ | ३४३८ | १५५५९ | ७८३१ | ७७२८ | ४.५३ | १०१.३३ | ०.२८ | ८७ | ७४.८२ | ८२.३४ | ६७.१९ |
| लिखु गाउँपालिका | २९५७ | १४०४९ | ३१६१ | १२१०४ | ५९१८ | ६१८६ | ३.८३ | ९५.६७ | -१.४३ | १३७ | ७०.७३ | ७९.२२ | ६२.६६ |
| मानेभञ्ज्याङ गाउँपालिका | ४६१८ | २१०७४ | ४७८५ | १९५९७ | ९३८० | १०२१७ | ४.१० | ९१.८१ | -०.७० | १३४ | ७७.६१ | ८४.५८ | ७१.२५ |
| मोलुङ गाउँपालिका | ३६६९ | १६२४१ | ४०६९ | १६४४० | ८०२७ | ८४१३ | ४.०४ | ९५.४१ | ०.१२ | १४७ | ७३.८५ | ८०.७४ | ६७.३९ |
| सिद्धिचरण नगरपालिका | ६९९४ | २७९९५ | ७१२६ | २७३५१ | १३०९७ | १४२५४ | ३.८४ | ९१.८८ | -०.२२ | १६३ | ७६.१६ | ८४.४२ | ६८.६७ |
| सुनकोशी गाउँपालिका | ३९८७ | १८५५० | ४३६८ | १७७८३ | ८६७३ | ९११० | ४.०७ | ९५.२० | -०.४१ | १२४ | ७१.३८ | ७८.८३ | ६४.३३ |
| संस्थागत | ३६ | ११६० | ८ | ५६३ | ५१२ | ५१ | | | | | ९५.७१ | ९५.६९ | ९५.८३ |
| जम्मा | ३२५०२ | १४७९८४ | ३४२९४ | १३९५५२ | ६८०८० | ७१४७२ | ४.०७ | ९५.२५ | -०.५६ | १३० | ७३.८९ | ८१.६० | ६६.६० |
| खोटाङ | | | | | | | | | | | | | |
| ऐसेलुखर्क गाउँपालिका | ३४९१ | १६०९७ | ३३५५ | १३२१७ | ६५५६ | ६६६१ | ३.९४ | ९८.४२ | -१.८९ | १०५ | ७४.२५ | ८३.१२ | ६५.५३ |
| बराहपोखरी गाउँपालिका | २७०२ | १४३४९ | २५६८ | ११३९७ | ५६७० | ५७२७ | ४.४४ | ९९.०० | -२.२१ | ८१ | ७१.९१ | ७९.२४ | ६४.७२ |
| दिप्रुङ चुइचुम्मा गाउँपालिका | ४१४० | २०१७५ | ३८०१ | १६३०५ | ८०४३ | ८२६२ | ४.२९ | ९७.३५ | -२.०४ | ११९ | ७७.२५ | ८५.३१ | ६९.५० |
| हलेसी तुवाचुङ नगरपालिका | ५८३८ | २९५३२ | ६०३५ | २७०७८ | १३३५८ | १३७२० | ४.४९ | ९७.३६ | -०.८३ | ९७ | ७४.२७ | ८१.३१ | ६७.४९ |
| जन्तेढुङ्गा गाउँपालिका | ३१७५ | १५४४४ | २७४७ | १२०१६ | ५९१० | ६१०६ | ४.३७ | ९६.७९ | -२.४१ | ९३ | ७३.१७ | ८१.९२ | ६४.७२ |
| केपिलासगढी गाउँपालिका | ३३४७ | १५२८८ | ३३१८ | १३२३१ | ६५३५ | ६६९६ | ३.९९ | ९७.६० | -१.३९ | ६९ | ७५.०२ | ८१.७५ | ६८.४६ |
| खोटेहाङ गाउँपालिका | ४७०३ | २२४७४ | ४११५ | १६८४६ | ८२६० | ८५८६ | ४.०९ | ९६.२० | -२.७७ | १०३ | ७५.०७ | ८३.४३ | ६७.०४ |
| रावा बेसी गाउँपालिका | २७९३ | १३३६९ | २७१५ | ११९९९ | ५३८८ | ५८११ | ४.१२ | ९२.७२ | -१.७० | ११५ | ७३.४५ | ८१.०२ | ६६.४५ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| दिक्तेल रुपाकोट मझुवागढी | १००५० | ४६९०३ | १०७६७ | ४३००८ | २०८२३ | २२१८५ | ३.९९ | ९३.८६ | -०.८३ | १७४ | ७८.७७ | ८५.९३ | ७२.१७ |
| साकेला गाउँपालिका | २४०८ | ११५९४ | २२९९ | ९६२३ | ४८२५ | ४७९८ | ४.१९ | १००.५६ | -१.७९ | १२० | ७९.३२ | ८६.९४ | ७१.७५ |
| संस्थागत | १७ | १०८७ | ३० | १३७८ | १२६९ | १०९ | | | | | ९९.४९ | ९९.४५ | १००.०० |
| जम्मा | ४२६६४ | २०६३१२ | ४१७५० | १७५२९८ | ८६६३७ | ८८६६१ | ४.२० | ९७.७२ | -१.५६ | ११० | ७५.९९ | ८३.६४ | ६८.५६ |
| भोजपुर | | | | | | | | | | | | | |
| आमचोक गाउँपालिका | ३६७७ | १८७२० | ३४७९ | १४९६८ | ७४०४ | ७५६४ | ४.३० | ९७.८८ | -२.१५ | ८१ | ७६.०९ | ८२.८० | ६९.५६ |
| अरुण गाउँपालिका | ३७८२ | १७६८७ | ३५३८ | १४५९१ | ७१३५ | ७४५६ | ४.१२ | ९५.६९ | -१.८५ | ९४ | ७६.४५ | ८४.१२ | ६९.१८ |
| भोजपुर नगरपालिका | ६४३८ | २७२०४ | ६७४४ | २६००७ | १२६४५ | १३३६२ | ३.८६ | ९४.६३ | -०.४३ | १६३ | ८२.८० | ८९.७० | ७६.३६ |
| हतुवागढी गाउँपालिका | ४५७९ | २०४०४ | ४०३४ | १६१७५ | ७९७४ | ८२०१ | ४.०१ | ९७.२३ | -२.२३ | ११३ | ७६.४२ | ८४.०८ | ६९.१० |
| पौवादुङमा गाउँपालिका | ३२८० | १५३९४ | २९१३ | १२१०७ | ५८४३ | ६२६४ | ४.१६ | ९३.२८ | -२.३१ | १०२ | ७७.७९ | ८६.०० | ७०.१६ |
| रामप्रसादराई गाउँपालिका | ४०१६ | १८८८८ | ३७०९ | १५६७३ | ७७३४ | ७९३९ | ४.२३ | ९७.४२ | -१.७९ | ९९ | ७८.३८ | ८५.४८ | ७१.५२ |
| साल्पासिलिछो गाउँपालिका | २७२८ | १३१११ | २९९८ | १२२८४ | ६१०८ | ६१७६ | ४.१० | ९८.९० | -०.६३ | ६४ | ७९.३५ | ८५.२३ | ७३.५६ |
| षडानन्द नगरपालिका | ६८३२ | ३१६०६ | ७३११ | २९३४२ | १४५५८ | १४७८४ | ४.०१ | ९८.४७ | -०.७१ | १२२ | ७८.८४ | ८५.९८ | ७१.८५ |
| टेम्केमैयुङ गाउँपालिका | ४०६१ | १८२११ | ३८५४ | १५४६४ | ७६२५ | ७८३९ | ४.०१ | ९७.२७ | -१.५७ | ८९ | ७९.०८ | ८६.७३ | ७१.६५ |
| संस्थागत | २६ | १२३४ | ५१ | १३१२ | ११८५ | १२७ | | | | | ९८.१७ | ९८.५६ | ९४.४९ |
| जम्मा | ३९४१९ | १८२४५९ | ३८६३१ | १५७९२३ | ७८२११ | ७९७१२ | ४.०९ | ९८.१२ | -१.३९ | १०५ | ७८.८७ | ८६.०९ | ७१.८४ |
| धनकुटा | | | | | | | | | | | | | |
| चौबिसे गाउँपालिका | ४५४२ | १९२८३ | ४४८० | १७६७७ | ८५७८ | ९०९९ | ३.९५ | ९४.२७ | -०.८३ | १२० | ८१.४५ | ८७.५६ | ७५.७७ |
| छथर जोरपाटी गाउँपालिका | ४२३२ | १८३२२ | ४१४८ | १६४५६ | ७९४६ | ८५१० | ३.९७ | ९३.३७ | -१.०३ | १६० | ८१.०३ | ८८.३९ | ७४.२७ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| धनकुटा नगरपालिका | ९४६० | ३६६१९ | ९६३७ | ३५९८३ | १७१९२ | १८७९१ | ३.७३ | ९१.४९ | -०.१७ | ३२४ | ८४.४६ | ९०.६३ | ७८.८७ |
| सहिदभूमि गाउँपालिका | ३८७६ | १८७६० | ४०९० | १७७६७ | ८७७७ | ८९९० | ४.३४ | ९७.६३ | -०.५२ | १७८ | ७८.४६ | ८४.३६ | ७२.७३ |
| महालक्ष्मी नगरपालिका | ५४८२ | २४८०० | ५४१२ | २२१८२ | १०८५९ | ११३२३ | ४.१० | ९५.९० | -१.०७ | १७१ | ७९.९७ | ८८.२८ | ७२.०४ |
| पाखीबास नगरपालिका | ४९७७ | २२०७८ | ४८४४ | १९१०४ | ९२०४ | ९९०० | ३.९४ | ९२.९७ | -१.३९ | १३२ | ७८.८१ | ८७.०७ | ७१.१६ |
| साँगुरीगढी गाउँपालिका | ५०४७ | २१५३६ | ५००५ | १९५६१ | ९५९१ | ९९७० | ३.९१ | ९६.२० | -०.९२ | ११८ | ८०.८० | ८६.५६ | ७५.३२ |
| संस्थागत | २१ | २०१४ | ३२ | १८६९ | १६७७ | १९२ | | | | | ९८.०७ | ९८.९३ | ९०.३२ |
| जम्मा | ३७६३७ | १६३४१२ | ३७६४८ | १५०५९९ | ७३८२४ | ७६७७५ | ४.०० | ९६.१६ | -०.७८ | १६९ | ८१.३६ | ८८.१८ | ७४.८५ |
| तेह्रथुम | | | | | | | | | | | | | |
| आठराई गाउँपालिका | ४५७८ | २१७४७ | ४३७३ | १८१५६ | ८९५६ | ९२०० | ४.१५ | ९७.३५ | -१.७३ | १०९ | ८२.२५ | ८९.२० | ७५.५३ |
| छथर गाउँपालिका | ३६३६ | १६७१५ | ३४७६ | १४१९७ | ६९३१ | ७२६६ | ४.०८ | ९५.३९ | -१.५७ | १०६ | ७९.०८ | ८६.२७ | ७२.२९ |
| लालीगुराँस नगरपालिका | ३६७७ | १६९३४ | ३७५९ | १५३२९ | ७४१३ | ७९१६ | ४.०८ | ९३.६५ | -०.९६ | १७० | ८१.६३ | ८९.२२ | ७४.६२ |
| मेन्छयायेम गाउँपालिका | १७९४ | ८०७८ | १७०३ | ६६७८ | ३२५३ | ३४२५ | ३.९२ | ९४.९८ | -१.८३ | ९५ | ८०.१९ | ८७.४० | ७३.४६ |
| म्याङलुङ नगरपालिका | ४५९५ | १९६५९ | ४८७२ | १८७५० | ९११४ | ९६३६ | ३.८५ | ९४.५८ | -०.४५ | १८७ | ८५.६४ | ९२.८९ | ७८.८७ |
| फेदाप गाउँपालिका | ३८०४ | १७७०० | ३६६२ | १५१६९ | ७४८१ | ७६८८ | ४.१४ | ९७.३१ | -१.४८ | १३७ | ८०.२७ | ८७.९७ | ७२.८६ |
| संस्थागत | १० | ७४४ | १२ | ४५२ | ४३३ | १९ | | | | | ९६.८९ | ९७.०० | ९४.१२ |
| जम्मा | २२०९४ | १०१५७७ | २१८५७ | ८८७३१ | ४३५८१ | ४५१५० | ४.०६ | ९६.५२ | -१.३० | १३१ | ८१.९४ | ८९.२५ | ७४.९६ |
| पाँचथर | | | | | | | | | | | | | |
| फालेलुङ गाउँपालिका | ४५५२ | २१८८४ | ४९१५ | २०३६१ | १०११९ | १०२४२ | ४.१४ | ९८.८० | -०.६९ | ९८ | ८२.०० | ८८.३५ | ७५.७५ |
| फाल्गुनन्द गाउँपालिका | ५१६२ | २४०६० | ५२७८ | २१२८९ | १०४०७ | १०८८२ | ४.०३ | ९५.६३ | -१.१७ | १९८ | ८०.८५ | ८८.०४ | ७३.९८ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| हिलिहाङ गाउँपालिका | ४७९२ | २२९१३ | ४५८८ | १९०८५ | ९३८६ | ९६९९ | ४.१६ | ९६.७७ | -१.७५ | १५५ | ८२.२६ | ८८.३३ | ७६.४५ |
| कुम्मायक गाउँपालिका | ३५०० | १६११८ | ३१५८ | १२७४६ | ६२९० | ६४५६ | ४.०४ | ९७.४३ | -२.२५ | ९९ | ८०.४३ | ८७.७२ | ७३.३६ |
| मिक्लाजुङ गाउँपालिका | ५५५० | २४६१५ | ५४५९ | २१०६१ | १०४५४ | १०६०७ | ३.८६ | ९८.५६ | -१.५० | १२६ | ८२.८९ | ८७.९८ | ७८.२६ |
| फिदिम नगरपालिका | १०९९४ | ४९२०१ | १२३३६ | ४८४९५ | २३६७९ | २४८१६ | ३.९३ | ९५.४२ | -०.१४ | २५२ | ८३.७२ | ८९.४९ | ७८.२४ |
| तुम्वेवा गाउँपालिका | २८१५ | १३४१९ | २७४७ | १११८९ | ५५७७ | ५६१२ | ४.०७ | ९९.३८ | -१.७४ | ९५ | ७७.७४ | ८५.९० | ६९.७० |
| याङवरक गाउँपालिका | ३८११ | १८२८१ | ३९५६ | १६८२१ | ८५१४ | ८३०७ | ४.२५ | १०२.४९ | -०.८० | ८१ | ८२.४८ | ८७.९८ | ७६.८८ |
| संस्थागत | २० | १३२६ | ५८ | १३५३ | १२५७ | ९६ | | | | | ९८.८१ | ९८.९६ | ९६.७७ |
| जम्मा | ४११९६ | १९१८१७ | ४२४९५ | १७२४०० | ८५६८३ | ८६७१७ | ४.०६ | ९८.८१ | -१.०२ | १३९ | ८२.२९ | ८८.६८ | ७६.०० |
| इलाम | | | | | | | | | | | | | |
| चुलाचुली गाउँपालिका | ४६४९ | २०८२० | ५६१३ | २३१५७ | ११३३४ | ११८२३ | ४.१३ | ९५.८६ | १.०२ | २१४ | ८१.२८ | ८६.३८ | ७६.४२ |
| देउमाई नगरपालिका | ७१२३ | ३२९२७ | ७६८६ | ३०९६९ | १५३४८ | १५६२१ | ४.०३ | ९८.२५ | -०.५९ | १६२ | ८३.३५ | ८९.०४ | ७७.८१ |
| फाकफोकथुम गाउँपालिका | ४६३४ | २१६१९ | ४८९८ | १९७०६ | ९८०१ | ९९०५ | ४.०२ | ९८.९५ | -०.८९ | १८१ | ८२.४४ | ८८.७२ | ७६.२६ |
| इलाम नगरपालिका | ११३८३ | ४८५३६ | १२९५२ | ५००८५ | २४४११ | २५६७४ | ३.८७ | ९५.०८ | ०.३० | २८९ | ८६.७३ | ९१.६८ | ८२.०६ |
| माईजोगमाई गाउँपालिका | ४६७७ | २१०४४ | ४९४२ | १९१३१ | ९७१३ | ९४१८ | ३.८७ | १०३.१३ | -०.९१ | १११ | ८१.९१ | ८७.०९ | ७६.५६ |
| माई नगरपालिका | ७०७७ | ३२५७६ | ७९३९ | ३०७३२ | १५१३० | १५६०२ | ३.८७ | ९६.९७ | -०.५६ | १२५ | ७९.५६ | ८५.५० | ७३.८३ |
| माङसेबुङ गाउँपालिका | ३७२९ | १८५०३ | ३८८९ | १६८१० | ८४७७ | ८३३३ | ४.३२ | १०१.७३ | -०.९२ | ११८ | ८२.०३ | ८६.८९ | ७७.०४ |
| रोङ गाउँपालिका | ४३५१ | १९१३५ | ४५३७ | १७३६७ | ८६९० | ८६७७ | ३.८३ | १००.१५ | -०.९३ | ११२ | ८१.५० | ८७.०८ | ७५.९४ |
| सन्दकपुर गाउँपालिका | ३६४३ | १६०६५ | ४०१३ | १५४४४ | ७८५७ | ७५८७ | ३.८५ | १०३.५६ | -०.३८ | ९९ | ८१.६९ | ८७.९१ | ७५.२९ |
| सूर्योदय नगरपालिका | १३२११ | ५६७०७ | १४०३२ | ५४७२७ | २७३८२ | २७३४५ | ३.९० | १००.१४ | -०.३४ | २१७ | ८५.२५ | ८९.८२ | ८०.७० |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| संस्थागत | २५ | २३२२ | ३१ | १४०६ | १२८८ | ११८ | | | | | ९५.८२ | ९६.२६ | ९०.४८ |
| जम्मा | ६४५०२ | २९०२५४ | ७०५३२ | २७९५३४ | १३९४३१ | ##### | ३.९६ | ९९.५२ | -०.३६ | १६४ | ८३.३७ | ८८.६६ | ७८.१३ |
| झापा | | | | | | | | | | | | | |
| अर्जुनधारा नगरपालिका | १३६२३ | ६०२०५ | २०९३५ | ८४०१८ | ४०१८० | ४३८३८ | ४.०१ | ९१.६६ | ३.२० | ७६५ | ८४.४१ | ८९.६९ | ७९.६४ |
| बाह्रदशी गाउँपालिका | ७३९८ | ३३६५३ | ९०३५ | ३७९४६ | १८०३८ | १९९०८ | ४.२० | ९०.६१ | १.१५ | ४२९ | ७९.१५ | ८६.१८ | ७२.८८ |
| भद्रपुर नगरपालिका | १५२७० | ६५५३३ | १७३२९ | ७०९१३ | ३३८९० | ३७०२३ | ४.०९ | ९१.५४ | ०.७६ | ७३६ | ८२.५२ | ८८.५५ | ७७.०६ |
| बिर्तामोड नगरपालिका | १९११८ | ८१८७८ | २९८५२ | ११६१९२ | ५६१०५ | ६००८७ | ३.८९ | ९३.३७ | ३.३६ | १४८५ | ८७.११ | ९१.५४ | ८३.०३ |
| बुद्धशान्ति गाउँपालिका | ९४९८ | ४१५८५ | १३२८५ | ५३०१० | २५२६० | २७७५० | ३.९९ | ९१.०३ | २.३३ | ६६४ | ८४.७५ | ९०.०६ | ७९.९९ |
| दमक नगरपालिका | १८१०४ | ७५१०२ | २७५६९ | १०७२२७ | ५०८१९ | ५६४०८ | ३.८९ | ९०.०९ | ३.४२ | १५१३ | ८७.९९ | ९२.५६ | ८३.९३ |
| गौरादह नगरपालिका | १२०७० | ५३०३३ | १४८४६ | ६०४५१ | २८६९५ | ३१७५६ | ४.०७ | ९०.३६ | १.२६ | ४०३ | ७८.९२ | ८५.४७ | ७३.०८ |
| गौरीगञ्ज गाउँपालिका | ७१४० | ३३०३४ | ८५४७ | ३५५०६ | १६९०७ | १८५९९ | ४.१५ | ९०.९० | ०.६९ | ३५० | ७४.६३ | ८३.४५ | ६६.७० |
| हल्दीबारी गाउँपालिका | ६४१५ | २८९३३ | ७८७८ | ३२७२२ | १५६११ | १७१११ | ४.१५ | ९१.२३ | १.१८ | २७९ | ८१.२८ | ८७.२३ | ७५.९१ |
| झापा गाउँपालिका | ७०९८ | ३४६०१ | ८५१५ | ३९३०२ | १८९५४ | २०३४८ | ४.६२ | ९३.१५ | १.२२ | ४१८ | ७४.६० | ८१.१२ | ६८.६३ |
| कचनकवल गाउँपालिका | ८७४२ | ३९५३८ | ९९४६ | ४१३१७ | १९५५७ | २१७६० | ४.१५ | ८९.८८ | ०.४२ | ३७७ | ७४.०० | ८२.७७ | ६६.२४ |
| कमल गाउँपालिका | १०२५६ | ४४३६५ | १३१६५ | ५३८९४ | २५४२६ | २८४६८ | ४.०९ | ८९.३१ | १.८७ | ५१५ | ८३.५० | ८९.२१ | ७८.४७ |
| कन्काई नगरपालिका | ९४२६ | ४०१४१ | १३१६९ | ५३१४८ | २५१९० | २७९५८ | ४.०४ | ९०.१० | २.६९ | ६५६ | ८३.३४ | ८८.८५ | ७८.४४ |
| मेचीनगर नगरपालिका | २५५३१ | १११७३७ | ३२६९५ | १३३०७३ | ६४००१ | ६९०७२ | ४.०७ | ९२.६६ | १.६८ | ६९० | ८३.२६ | ८८.५४ | ७८.४२ |
| शिवसताक्षी नगरपालिका | १४६९५ | ६४५९६ | १८२५३ | ७४०७७ | ३४९५५ | ३९१२२ | ४.०६ | ८९.३५ | १.३१ | ५०८ | ८२.२७ | ८८.५५ | ७६.७६ |
| संस्थागत | १६८ | ४७१६ | १२३ | ५२५८ | ४९२१ | ३३७ | | | | | ९०.६६ | ९१.०२ | ८५.२४ |
| जम्मा | १८४५५२ | ८१२६५० | २४५१४२ | ९९८०५४ | ४७८५०९ | ##### | ४.०७ | ९२.१० | १.९७ | ६२१ | ८२.८३ | ८८.५७ | ७७.६२ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| मोरङ | | | | | | | | | | | | | |
| बेलबारी नगरपालिका | १५३३८ | ६५८९२ | २०४५९ | ८१७७१ | ३८२९७ | ४३४७४ | ४.०० | ८८.०९ | २.०७ | ६१६ | ७९.६२ | ८६.५६ | ७३.६० |
| विराटनगर महानगरपालिका | ४७७९८ | २१४६६३ | ५६९१९ | २४३९२७ | १२१९५४ | ##### | ४.२९ | ९९.९८ | १.२३ | ३१६८ | ८३.६१ | ८९.०७ | ७८.१८ |
| बुढीगंगा गाउँपालिका | ९६२१ | ४१५८६ | १२३६० | ५१४९७ | २५३०७ | २६१९० | ४.१७ | ९६.६३ | २.०५ | ९१३ | ७५.९३ | ८२.९४ | ६९.२१ |
| धनपालथान गाउँपालिका | ७९५७ | ३९३९४ | ९९२५ | ४५३४८ | २२१९६ | २३१५२ | ४.५७ | ९५.८७ | १.३५ | ६४५ | ६७.९१ | ७५.४८ | ६०.६९ |
| ग्रामथान गाउँपालिका | ७९२० | ३२७१७ | ९३७७ | ३६०२४ | १७४९७ | १८५२७ | ३.८४ | ९४.४४ | ०.९२ | ५०१ | ७२.६३ | ८०.९० | ६४.९० |
| जहदा गाउँपालिका | ८१७५ | ४१८१९ | ९८६९ | ४७६३९ | २४०३५ | २३६०४ | ४.८३ | १०१.८३ | १.२५ | ७६४ | ६७.२३ | ७६.१५ | ५८.२३ |
| कानेपोखरी गाउँपालिका | ८६८३ | ३८०३३ | १०६६३ | ४३१९३ | २०४०५ | २२७८८ | ४.०५ | ८९.५४ | १.२२ | ५२१ | ७७.७९ | ८५.११ | ७१.३३ |
| कटहरी गाउँपालिका | ८००९ | ३९७७५ | १०४९५ | ४८५१० | २४३४२ | २४१६८ | ४.६२ | १००.७२ | १.९१ | ९४० | ७१.१८ | ७८.२४ | ६४.११ |
| केराबारी गाउँपालिका | ६९९१ | ३०४३१ | ८५७३ | ३४५०४ | १६४१५ | १८०८९ | ४.०२ | ९०.७५ | १.२१ | १५७ | ८१.११ | ८६.७८ | ७६.०४ |
| लेटाङ नगरपालिका | ७३३९ | ३२०५३ | ९३५७ | ३८१५२ | १८०३८ | २०११४ | ४.०८ | ८९.६८ | १.६७ | १७४ | ८२.४६ | ८८.२० | ७७.३७ |
| मिक्लाजुङ गाउँपालिका | ६४१७ | २८७०८ | ८३०९ | ३३१६७ | १५८८८ | १७२७९ | ३.९९ | ९१.९५ | १.३९ | २०९ | ८२.८९ | ८७.९८ | ७८.२६ |
| पथरी शनिश्चरे नगरपालिका | १३९५६ | ६१११३२ | १७९८० | ७२४५१ | ३३९८४ | ३८४६७ | ४.०३ | ८८.३५ | १.६३ | ९०८ | ८१.४६ | ८७.७५ | ७५.९८ |
| रंगेली नगरपालिका | ११२४९ | ५२०१३ | १३२०६ | ५७४९४ | २७९७४ | २९५२० | ४.३५ | ९४.७६ | ०.९६ | ५१४ | ७१.७२ | ७९.४२ | ६४.५० |
| रतुवामाई नगरपालिका | १२४८२ | ५५३८० | १४५०८ | ६११३९ | २८९९९ | ३२१४० | ४.२१ | ९०.२३ | ०.९५ | ४३० | ७५.२४ | ८२.८० | ६८.५४ |
| सुन्दरहरैंचा नगरपालिका | १८६१० | ८०५१८ | २९८२६ | १२०२१३ | ५७०१८ | ६३१९५ | ४.०३ | ९०.२३ | ३.८५ | १०९१ | ८२.८८ | ८८.७७ | ७७.६५ |
| सुनवर्षी नगरपालिका | १०७९५ | ५०७५८ | १२६८४ | ५६०३४ | २६९९५ | २९०३९ | ४.४२ | ९२.९६ | ०.९५ | ५२७ | ६८.०० | ७५.९६ | ६०.६८ |
| उर्लाबारी नगरपालिका | १२५३० | ५४६९६ | १७६५० | ७०९०८ | ३३३५६ | ३७५५२ | ४.०२ | ८८.८३ | २.४९ | ९५० | ८४.७८ | ९०.२५ | ८०.०० |
| संस्थागत | १२७ | ५८०२ | १२३ | ६१८५ | ४८१२ | १३७३ | | | | | ९२.०७ | ९२.०७ | ९२.०९ |
| जम्मा | २१३९९७ | ९६५३७० | २७२२८३ | ११४८१५६ | ५५७५१२ | ##### | ४.२२ | ९४.३९ | १.६६ | ६१९ | ७८.६१ | ८५.१० | ७२.५६ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
| | | | | | | | | | | | जम्मा | पुरुष | महिला |
| सुनसरी | | | | | | | | | | | | | |
| बराहक्षेत्र नगरपालिका | १७५५२ | ७७४०७ | २१८२७ | ९१०८७ | ४२९९७ | ४८०९० | ४.१७ | ८९.४१ | १.५६ | ४१० | ७७.९४ | ८५.१० | ७१.६५ |
| बर्जु गाउँपालिका | ६२५३ | ३११७८ | ७९२२ | ३६२४९ | १८१६९ | १८०८० | ४.५८ | १००.४९ | १.४५ | ५२२ | ६८.४९ | ७६.७४ | ६०.२९ |
| भोक्राहा नरसिंह गाउँपालिका | ६७९८ | ४०५०९ | ८९३२ | ४९२८० | २४२९३ | २४९८७ | ५.५२ | ९७.२२ | १.८८ | ७७८ | ६६.९६ | ७४.१० | ६०.१२ |
| देवानगञ्ज गाउँपालिका | ६३६१ | ३५०७३ | ७८०५ | ३९०३० | १९४८८ | १९५४२ | ५.०० | ९९.७२ | १.०३ | ७२९ | ६६.६९ | ७३.५१ | ५९.९८ |
| धरान उपमहानगरपालिका | ३२६९३ | १३७७०५ | ४२३९६ | १६६५३१ | ७८४१० | ८८१२१ | ३.९३ | ८८.९८ | १.८२ | ८६६ | ८७.४२ | ९२.६३ | ८२.८५ |
| दुहवी नगरपालिका | ११८९३ | ५६२१६ | १५०३० | ६६०७४ | ३२७९७ | ३३२७७ | ४.४० | ९८.५६ | १.५५ | ८६२ | ७३.२० | ८०.९४ | ६५.६४ |
| गढी गाउँपालिका | ७०३९ | ३४८५२ | ८५६५ | ३८७३९ | १९०९६ | १९६४३ | ४.५२ | ९७.२२ | १.०१ | ५७२ | ७०.७८ | ७८.८५ | ६३.०४ |
| हरिनगर गाउँपालिका | ६८४२ | ४०८४६ | ८७३८ | ४९८४५ | २४५६७ | २५२७८ | ५.७० | ९७.१९ | १.९१ | ९५३ | ७०.३५ | ७६.३५ | ६४.५८ |
| इनरुवा नगरपालिका | १३०२० | ६३५९३ | १६०२९ | ७४९१४ | ३६६८९ | ३८२२५ | ४.६७ | ९५.९८ | १.५७ | ९६१ | ७५.३१ | ८२.८९ | ६८.१४ |
| इटहरी उपमहानगरपालिका | ३३७९४ | १४०५१७ | ५०३५० | १९७२४१ | ९३२९० | ##### | ३.९२ | ८९.७४ | ३.२५ | २१०३ | ८५.३० | ९१.१८ | ८०.११ |
| कोशी गाउँपालिका | ८५४३ | ४३६२६ | ९१६९ | ४८८०४ | २४३५८ | २४४४६ | ५.३२ | ९९.६४ | १.०८ | ६४२ | ६५.९८ | ७३.५२ | ५८.५७ |
| रामधुनी नगरपालिका | ११४९१ | ५१७२२ | १५६४४ | ६३४५२ | २९८२० | ३३६३२ | ४.०६ | ८८.६७ | १.९६ | ६९२ | ७७.३८ | ८५.२७ | ७०.५१ |
| संस्थागत | १२८ | १०२४३ | १३८ | ५७१६ | ५०४९ | ६६७ | | | | | ९१.४३ | ९२.०३ | ८६.७९ |
| जम्मा | १६२४०७ | ७६३४८७ | २१२५४५ | ९२६९६२ | ४४९०२३ | ##### | ४.३६ | ९३.९५ | १.८६ | ७३७ | ७८.१० | ८४.६२ | ७२.०६ |
| उदयपुर | | | | | | | | | | | | | |
| वेलका नगरपालिका | ८९३० | ४२३८६ | १२१५८ | ५१०४३ | २४४०० | २६६४३ | ४.२० | ९१.५८ | १.७८ | १४८ | ७७.४८ | ८४.१७ | ७१.४२ |
| चौदण्डीगढी नगरपालिका | १०५१९ | ४८५७४ | १२७०३ | ५३६३१ | २५१५७ | २८४७४ | ४.२२ | ८८.३५ | ०.९५ | १८९ | ७७.७० | ८४.७२ | ७१.६० |
| कटारी नगरपालिका | ११७१७ | ५६१४६ | १४१०६ | ५९५०७ | २८८६८ | ३०६३९ | ४.२२ | ९४.२२ | ०.५६ | १४० | ७४.५६ | ८१.४० | ६८.१८ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) (५ वर्ष वा सो भन्दा माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| रौतामाई गाउँपालिका | ४६६६ | २३४८१ | ४५७२ | २०३२४ | ९९७३ | १०३५१ | ४.४५ | ९६.३५ | -१.३९ | १०० | ७४.६२ | ८१.१९ | ६८.३६ |
| लिम्चुङबुङ गाउँपालिका | २३१६ | ११९९२ | २२२७ | ९६८९ | ४७९० | ४८९९ | ४.३५ | ९७.७८ | -२.०५ | ९१ | ७२.९७ | ८०.५४ | ६५.५९ |
| ताप्ली गाउँपालिका | २७०३ | १४५६२ | २८६२ | १३३४४ | ६६०८ | ६७३६ | ४.६६ | ९८.१० | -०.८४ | ११२ | ७४.७१ | ८१.०४ | ६८.५० |
| त्रियुगा नगरपालिका | १९४८४ | ८७५५७ | २५६२३ | १०२७२५ | ४८४६३ | ५४२६२ | ४.०१ | ८९.३१ | १.५३ | १८८ | ८०.०३ | ८६.९१ | ७४.०१ |
| उदयपुरगढी गाउँपालिका | ६१७९ | ३०७३१ | ६८०० | २८९२६ | १४०९७ | १४८२९ | ४.२५ | ९५.०६ | -०.५८ | १०७ | ७३.९९ | ८१.७० | ६६.७३ |
| संस्थागत | ४३ | २१०३ | ३८ | १५३२ | १३८२ | १५० | | | | | ९७.३० | ९७.३९ | ९६.५० |
| जम्मा | ६६५५७ | ३१७५३२ | ८१०८९ | ३४०७२१ | १६३७३८ | १७६९८३ | ४.२० | ९२.५२ | ०.६८ | १६५ | ७७.१७ | ८४.०७ | ७०.८७ |

## तालिका ४: नेपाल र कोशी प्रदेशका विभिन्न सूचकहरुको तुलनात्मक अवस्था

| जनसांख्यिक सुचकहरु | नेपाल | कोशी |
|---|---|---|
| जम्मा जनसंख्या | २९१६४५७८ | ४९६१४१२ |
| पुरुष | १४२५३५५१ | २४१७३२८ |
| पुरुष (%) | ४८.८७ | ४८.७२ |
| महिला | १४९११०२७ | २५४४०८४ |
| महिला (%) | ५१.१३ | ५१.२८ |
| लैङ्गिक अनुपात प्रति १०० जना महिलामा पुरुषको संख्या | ९५.५९ | ९५.०२ |
| अन्य लिङ्गीको जनसंख्या | २९२८ | ३०४ |
| वार्षिक जनसंख्या वृद्धिदर | ०.९२ | ०.८६ |
| सबैभन्दा बढी वार्षिक जनसंख्या वृद्धिदर भएको जिल्ला (%) | भक्तपुर (३.३५) | झापा (१.९७) |
| सबैभन्दा कम वार्षिक जनसंख्या वृद्धिदर भएको जिल्ला (%) | रामेछाप (-१.६७) | खोटाङ (-१.५६) |
| जनघनत्व (प्रति वर्ग कि.मी. जनसंख्या) | १९८ | १९२ |
| कुल परिवार संख्या संस्थागत समेत | ६६६६९३७ | ११९१५५६ |
| परिवारको औसत आकार (%) | ४.३७ | ४.१६ |
| परिवारको औसत आकार सबैभन्दा बढि भएको जिल्ला (%) | रौतहट (५.९४) | सुनसरी (४.३६) |
| परिवारको औसत आकार सबैभन्दा कम भएको जिल्ला (%) | गोरखा र दोलखा (३.४९) | इलाम (३.९६) |
| नगरपालिकाको कुल जनसंख्या (%) | ६६.१७ | ६२.४ |
| गाउँपालिकाको कुल जनसंख्या (%) | ३३.८३ | ३७.६ |
| घर वा आवासीय एकाइको आफ्नै स्वामित्व (%) | ८६.० | ८९.६ |
| खानेपानीको मुख्य स्रोत (अक्सर धारा/पाइप प्रयोग गर्ने परिवार) (%) | ५७.० | ५४.४ |
| खाना पकाउन अक्सर काठ दाउरा प्रयोग गर्ने परिवार (%) | ५१.० | ५३.४ |
| बत्ती बाल्न अक्सर विजुली प्रयोग गर्ने परिवार (%) | ९२.२ | ९३.७ |

| जनसांख्यिक सुचकहरु | नेपाल | कोशी |
|---|---|---|
| शौचालयको सुविधा प्रयोग गर्ने परिवार (%) | ९५.५ | ९६.८ |
| परिवारमा महिलाको नाममा घर वा जग्गा वा दुबै रहेको परिवार (%) | २३.९ | २८.४ |
| परिवारमा अनुपस्थित (अक्सर विदेशमा बस्ने) व्यक्ति | २१९०५९२ | ३४३०३४ |
| महिला परिवारमूली (%) | ३१.५५ | ३०.९ |
| **वैवाहिक अवस्था (१० वर्ष वा सो भन्दा बढी उमेरका)** | | |
| अविवाहित जनसंख्या (%) | ३३.१ | ३२.३ |
| विवाहित जनसंख्या (%) | ६१.८ | ६२ |
| विधुर/विधवा (%) | ४.५ | ४.८ |
| पहिलो विवाह गर्दाको उमेर औसत वर्ष (Median Age) | १९ | २० |
| **अपाङ्गताको जनसंख्या (%)** | | |
| जम्मा (%) | २.२ | २.४ |
| पुरुष (%) | २.५ | २.६ |
| महिला (%) | २.० | २.१ |
| **साक्षरता दर (५ वर्ष वा सो भन्दा माथि)** | | |
| जम्मा (%) | ७६.२ | ७९.७ |
| पुरुष (%) | ८३.६ | ८६.१ |
| महिला (%) | ६९.४ | ७३.६ |
| **आर्थिक काम गरेको अवधि** | | |
| ६ महिना वा सो भन्दा बढी आर्थिक काम गरेका (%) | ४१.० | ४७.४ |
| ३-६ महिना आर्थिक काम गरेका (%) | ११.४ | ११.४ |
| ३ महिना भन्दा कम आर्थिक काम गरेका (%) | १०.१ | ९.९ |
| कुनै पनि आर्थिक काम नगरेका (%) | ३७.५ | ३१.३ |
| आर्थिक कामको औद्योगिक क्षेत्र अनुसार कृषि, वन र माछापालन क्षेत्रमा संलग्न जनसंख्या (%) | ५७.३ | ६२.७ |
| आर्थिक काम नगर्नुको कारण (विद्यार्थी) (%) | ४६.९ | ४५.७ |
| बालबालिकाको जन्मदर्ता सम्बन्धी अवस्था (%) | ७४.० | ७०.८ |